# झरसलुवा सामुदायिक वन उपभोक्ता समूह

ठाकुरबाबा नगरपालिका वडा नं. ३, मिचौंया, बर्दिया

## गोलिया काठ तथा दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशन मितिः २०८३/०४/१५ गते शुक्रबार

यस समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय, बर्दियाको च.नं. ९६ मिति २०८३/०४/१२ गतेको लिलाम सहमति पत्रानुसार समूहको घाटगद्धीमा रहेको निम्न परिमाणको काठ तथा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी बोलपत्रद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना सौर्य राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट २१ औं दिनभित्र कार्यालय समयभित्र शिलवन्दी वोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ।

तपसिल

| लट नं. | घाटगद्धी स्थान | पाईलिङ्ग नं. | क्र. सं. | जात | ग्रेड | गोलिया थान | परिमाण (घ.फि.) | दर रु. | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| BA/14/05-a01-01-2083/04/15-p | समूहको घाटगद्धीमा | १ देखि ७ सम्म र १२ | १ | अस्ना | A | ३ | ६१.४३ | ४०० | २४५७२.० | ८१०६४२.० | |
| | | | २ | अस्ना | B | ८ | ८५.०९ | ३०० | २५५२७.० | | |
| | | | ३ | अस्ना | C | ३ | १८.२३ | १०० | १८२३.० | | |
| | | | ४ | कुसुम | N | २८ | २२६.८३ | १०० | २२६८३.० | | |
| | | | ५ | साल | A | १२१ | २७१९.५९ | १२५० | ३३९९४८७.५ | | |
| | | | ६ | साल | B | १६९ | २३९६.३५ | ९०० | २१५६७१५.० | | |
| | | | ७ | साल | C | १६५ | ९४८.८४ | ६०० | ५६९३०४.० | | |
| | | | ८ | साल | D | १४ | २२.५५ | ३०० | ६७६५.० | | |
| जम्मा | | | | | | ५११ | ६४७८.९१ | | ६२०६८७६.५ | ८१०६४२.० | |
| BA/14/05-a01-02-2083/04/15-p | समूहको घाटगद्धीमा | साल जातको दाउरा (२०'x५'x५' को) ८.०० चट्टा | | | | | | १२००० | ९६०००.० | ६७२००.० | |
| जम्मा | | | | | | | | | ६३०२८७६.५ | ८७७८४२.० | |

**शर्त तथा नियमहरुः**

१) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय
   क) अन्तिम मितिः २०८३/०५/०४ गते बिहिबार    ख) समयः कार्यालय समयभित्र

२) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय
   क) अन्तिम मितिः २०८३/०५/०५ गते शुक्रबार    ख) समयः मध्यान्ह १२:०० बजेसम्म

३) बोलपत्र खोल्ने अन्तिम मिति र समय
   क) अन्तिम मितिः २०८३/०५/०८ सोमबार    ख) समयः मध्यान्ह ३:०० बजे

४) बोलपत्र फारामको दस्तुर रु. एकलाख सम्मको रु. ३००।-, रु. १ लाख देखि १० लाख सम्मको रु. १,०००।- र सो भन्दा माथीको रु. २,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट **सौर्य राष्ट्रिय दैनिक** पत्रिकामा मिति २०८३/०४/१५ गते शुक्रबार सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजेसम्म यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट दर्ता गर्न सकिनेछ।

५) खरिद गरिएका बोलपत्र साथ न्युनतम मुल्य भन्दा माथी कबोल गरेको रकमको १० प्रतिशले हुन आउने रकम यस सामुदायिक वनको नाममा राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, भुरीगाउँ, बर्दियामा रहेको खाता नं. ४४७०१००००१५८९००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

६) लिलाम बढाबढ हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगद्धी स्थलमा गइ हेर्न सकिनेछ।

७) लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८) निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट प्राप्त भएपछि साक्षीहरुको रोहवरमा खोलिनेछ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा समूहको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १० दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ

११) छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ।

१२) सङ्कलन तथा घाटगद्धी खर्च छुट्टै बुझाउनु पर्नेछ।

१३) तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ।

१४) बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समूहमा निहित रहने छ।

१५) अन्य जानकारीको लागि कार्यालय समयमा यस समूहमा सम्पर्क राख्न सकिनेछ।

१६) बोलपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा खरीद गरी क्रमशः दर्ता गर्न सकिनेछ साथै दर्ता गर्ने दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ।

१७) बोलपत्र फारमको तालिकामा तालिका भित्र लेख्नुपर्ने विवरणहरु तालिकाभित्रै लेख्नुपर्ने छ, सो बमोजिम नलेखेको पाईएमा बोपत्रफारम अमान्य हुनेछ।

# शान्ति, भाइचारा र राष्ट्रिय एकता कायम राख्न प्रधानमन्त्रीको अपिल



...पृष्ठ १ बाट

घटना भएलगतै सबै सुरक्षा निकायले तत्काल घटनास्थल पुगेर परिस्थितिलाई सामान्य बनाउने, थप अप्रिय घटना हुन नदिने र शान्ति सुरक्षा कायम गर्ने प्रयास निरन्तर गरिरहेका छन् । घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कडा कानुनी कारबाही गर्न गृह मन्त्रालयले छानबिन समिति गठन गरिसकेको छ । म सबैमा विश्वास दिलाउन चाहन्छु कि यो छानबिन पूर्ण रूपमा निष्पक्ष र पारदर्शी हुनेछ । घटनामा संलग्न दोषी जोकोही भए पनि कानुनी दायरामा ल्याउन सरकार प्रतिबद्ध छ । अवस्था थप नबिग्रियोस्, कुनै पनि नागरिकको जनधनको क्षति हुन नपाओस् र स्थानीय स्तरमा विश्वासको वातावरण बनोस् भन्नका लागि नेपाल सरकार निरन्तर क्रियाशील छ ।

परिस्थिति सामान्यीकरण गर्न केन्द्र स्तरमा सर्वदलीय बैठक आह्वान गरी गहन छलफल गरिएको छ । स्थानीय तहसम्मै जनप्रतिनिधि, नागरिक समाज, विभिन्न धार्मिक गुरुहरू, समुदायका अगुवा तथा सामाजिक व्यक्तित्वहरूसँग निरन्तर संवाद भइरहेको छ । स्थानीय स्थितिको प्रत्यक्ष अनुगमन गर्न, पीडित पक्षसँग संवाद गर्न र शान्ति सुरक्षालाई थप सुदृढ बनाउन गृहमन्त्री स्वयं सो स्थानमा पुगिसक्नुभएको छ । साथै देशको समग्र शान्ति सुरक्षाको अवस्थाबारे गम्भीर समीक्षा गर्न राष्ट्रिय सुरक्षा परिषद्को बैठक बसी परिस्थितिअनुसारका आवश्यक निर्णयहरू समेत गरिसकिएको छ ।

यस्तो संवेदनशील घडीमा सामाजिक सञ्जाल वा अन्य माध्यमबाट असत्य, अपुष्ट सूचना, अफवाह, घृणा फैलाउने सामग्री वा समुदायबीच वैमनस्य बढाउने अभिव्यक्ति प्रचारप्रसार नगर्न, नगराउन अनुरोध गर्दछु । साथै सरकारी निकायहरूबाट जारी भएका आधिकारिक तथ्य र सूचना मात्र विश्वास गर्न विशेष आग्रह गर्दछु । प्रत्येक नागरिकको जिउधनको रक्षा गर्नु, सामाजिक सद्भाव जोगाउनु र समाजमा शान्ति कायम राख्नु राज्यको सर्वोच्च र प्राथमिक दायित्व हो । आगामी दिनमा पनि राज्य थप सतर्क र संवेदनशील रहनेछ । प्रत्येक नागरिकको जीवन सुरक्षाका लागि सरकारका सम्पूर्ण संयन्त्रहरू अहोरात्र खटिनेछन् । शान्ति सुरक्षा भंग गर्ने, अराजकता फैलाउने वा हाम्रो सदियौँ पुरानो सामाजिक सद्भाव, सहिष्णुता र भाइचारा खलबलाउने कुनै पनि क्रियाकलापप्रति सरकार पूर्ण रूपमा सचेत छ र यस्ता गतिविधिमाथि कडा कदम चालिनेछ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई आ-आफ्नो धर्म, संस्कृति र परम्परा मान्ने मौलिक हक प्रदान गरेको छ । यो संवैधानिक दायित्व निर्वाह गर्न सरकार पूर्ण रूपमा प्रतिबद्ध छ । धर्म समाजलाई आपसमा जोड्ने र प्रेम बाँड्ने शक्ति हो । संसारको कुनै पनि धर्म वा संस्कृतिले हिंसा, घृणा र विभाजन सिकाउँदैन । सबै धर्मको मूल सार करुणा, दया, प्रेम र शान्ति नै हो । देशको कुनै एक स्थानमा भएको अनपेक्षित र दुःखद् घटनालाई लिएर कुनै सिंगो समुदायलाई आरोपित गर्नु र देशका अन्य भूभागमा समेत त्यसको प्रतिशोधको आगो फैलाउनु कुनै पनि दृष्टिकोणबाट न्यायोचित वा न्यायसंगत हुन सक्दैन ।

आदरणीय बुवाआमा, दिदीबहिनी तथा दाजुभाइहरू, हाम्रो इतिहास साक्षी छ– कठिनभन्दा कठिन र अप्ठ्यारो परिस्थितिमा पनि आपसी एकता, सहिष्णुता र विवेक नै हाम्रो सबैभन्दा ठुलो शक्ति बनेका छन् । हामी सबैले जिम्मेवार नागरिकको भूमिका निर्वाह गर्दै यो सुन्दर र शान्त नेपाली आकाशमा मडारिएको अशान्तिको बादल हटाउनुपर्नेछ ।

(मैथिली भाषामा)ः हम आम नागरिक, नागरिक समाज, धार्मिक समुदाय, सब आदरणीय अगुवा, सब राजनीतिक दल आ जिम्मेवार संचार के माध्यम सब के धैर्यता आ संयमता अपनाके शान्ति, सद्भाव, भाइचारा आ राष्ट्रिय एकता कायम राखके लेल सरकार के तर्फ से हार्दिक अपील करहल छी । धन्यवाद ।

# समस्या समाधानमा रास्वपा सभापतिको सक्रियता



सुनसरी प्रकरण समाधानका लागि सत्तारुढ रास्वपाका सभापति रवि लामिछानेले सक्रियता कायम राखेका छन् । बुधबार सर्वदलीय बैठकका साथै राष्ट्रपति रामचन्द्र पौडेललाई समेत भेटेका उनले बिहीबार प्रतिनिधिसभामा कोसी र मधेस प्रदेशबाट प्रतिनिधित्व गर्ने सांसदहरूसँग छलफल गरे । उनले सांसदहरूलाई जिल्ला फर्किएर जनतासँग संवाद गर्न तथा जिल्ला-जिल्लामा सद्भाव कायम गर्ने विषयमा पहल गर्न निर्देशन दिएका छन् । यस्तै, सभापति लामिछानेले मधेसकेन्द्रित दलका नेताहरूसँग पनि तराई मधेसको समस्या समाधानका लागि छलफल गरेका छन् । बिहीबार साँझ पार्टी संसदीय दलको कार्यालय सिंहदरबारमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, सांसद महन्थ ठाकुर, राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो, संविधानसभा सदस्य रामकुमार शर्मा, जनमत पार्टीका जयकान्त राउतलगायत नेतासँग छलफल गरेका हुन् ।

### सामाजिक सद्भाव कायम गर्न मधेसकेन्द्रित दलको आह्वान

मधेसकेन्द्रित ४ राजनीतिक दलले देवानगन्ज घटनाको निष्पक्ष छानबिन, पीडितलाई न्याय र सामाजिक सद्भाव कायम गर्न आह्वान गरेका छन् । जनता समाजवादी पार्टी नेपाल, राष्ट्रिय मुक्ति पार्टी नेपाल, जनमत पार्टी र राष्ट्रिय निर्माण दलले संयुक्त वक्तव्य जारी गर्दै सो अपिल गरेका हुन् । वक्तव्यमा संविधानसभा सदस्य रामकुमार शर्माले समेत हस्ताक्षर गरेका छन् । उनीहरूले प्रधानमन्त्रीको राष्ट्रका नाममा सम्बोधन, मृत्यु भएकाहरूलाई सहिद घोषणा गर्नुपर्ने, उचित क्षतिपूर्ति, परिवारका सदस्यलाई रोजगारीको व्यवस्था र आवश्यक सामाजिक सुरक्षा उपलब्ध गराउन माग गरेका छन् । घाइतेहरूको निःशुल्क उपचार, राजनीतिक दल, नागरिक समाज, धार्मिक अगुवा तथा समुदायका नेतृत्वदायी व्यक्तित्वहरूले सक्रिय भूमिका निर्वाह गर्न सरकारले समन्वयात्मक पहल गर्नुपर्ने उनीहरूको ठहर छ । सर्वोच्च अदालतका अवकाशप्राप्त न्यायाधीशको नेतृत्वमा उच्चस्तरीय न्यायिक छानबिन समिति बनाएर सरकारले गरेको बल प्रयोगबारे छानबिन गर्न माग गरिएको छ ।

## सिरहामा गोली...
### १ जनाको मृत्यु, सुनसरीका अर्का घाइतेको पनि मृत्यु

बिहीबार सिरहाको गोलबजारमा भएको झडपमा गोली लागेर १ युवकको मृत्यु भएको छ । गोली लागेर गम्भीर घाइते भएका औरही गाउँपालिका-२ का गणेश यादवको उपचारका क्रममा मृत्यु भएको हो । यस्तै, गोलबजारस्थित एबी मलमा आगजनीसमेत भएको छ । २ जनालाई गोली लागेपछि प्रदर्शनकारीहरूले मलमा आगो लगाइदिएका हुन् । गोली प्रहारको घटना छानबिन गर्न मधेस प्रदेश प्रहरी कार्यालयले ३ सदस्यीय टोली गठन गरेको छ । मधेस प्रदेश प्रहरी कार्यालयका एसपी भेषराज रिजालको कमान्डमा बनेको समितिमा इन्सपेक्टर यज्ञराज भट्ट र असई गोविन्द झा सदस्य छन् ।

यसैबीच, गत आइतबार सुनसरीको कप्तानगन्जमा प्रहरीको गोली लागेर घाइते भएका २७ वर्षीय जयप्रकाश मेहताको मृत्यु भएको छ । विराटनगर न्युरो अस्पतालमा उपचारका क्रममा मेहताको मृत्यु भएको हो । मेहताको पेटमा गोली लागेको थियो । गत सोमबार उनको शल्यक्रिया गरिए पनि अवस्था गम्भीर रहेकाले भेन्टिलेटरमा राखेर उपचार भइरहेको थियो । यसअघि आइतबार राति नै देवानगन्ज-४ का २५ वर्षीय ओमप्रकाश मेहताको मृत्यु भएको थियो ।

### कहाँ–कहाँ छ आन्दोलन र कर्फ्यु ?

सुनसरीको कप्तानगन्जमा भएको घटनाले उग्र रूप लिएसँगै मधेसका धेरै ठाउँ अशान्त बनेको छ । सुनसरीका १० वटै स्थानीय तहमा कर्फ्यु जारी छ । आन्दोलनको झिल्को सिरहा, धनुषा र पर्सामा पनि देखिएसँगै त्यहाँ पनि कर्फ्यु लगाइएको छ । सिरहाको गोलबजार क्षेत्रमा बिहीबार दिउँसो २ बजेदेखि कर्फ्यु लगाइएको छ भने लहान क्षेत्रमा दिउँसो ४ बजेदेखि अर्को सूचना जारी नभएसम्मका लागि कर्फ्यु छ । त्यसैगरी, धनुषास्थित जनकपुर उपमहानगरपालिकाका सबै वडा, लक्ष्मीनिया गाउँपालिका, नगराइन नगरपालिकामा बिहीबार दिउँसो ३:३० बजेदेखि कर्फ्यु लगाइएको छ भने पर्सास्थित वीरगन्ज महानगरपालिकाको केही क्षेत्रमा बिहीबार साँझ ५ बजेदेखि शुक्रबार बिहान ६ बजेसम्मका लागि कर्फ्यु लगाइएको छ ।

### राष्ट्रिय सुरक्षा समितिको बैठक

देशको समग्र सुरक्षा अवस्था समीक्षा गर्न बिहीबार नै प्रधानमन्त्री तथा राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष वालेन्द्र शाहको अध्यक्षतामा राष्ट्रिय सुरक्षा परिषद्को बैठक बसेको छ । बैठकले भविष्यमा यस्ता घटना दोहोरिन नदिन सबै सुरक्षा निकाय र सम्बन्धित सरोकारवालासँग समन्वय गर्दै सामाजिक सद्भाव तथा राष्ट्रिय एकताको भावना कायम राख्ने गरी प्रभावकारी रूपमा कार्यसम्पादन गर्ने निर्णय गरेको छ ।

### गृहमन्त्री गुरुङ कप्तानगन्जमा



गृहमन्त्री सुधन गुरुङ बिहीबार साँझ सुनसरीको कप्तानगन्ज पुगेका छन् । बिहीबार प्रधानमन्त्रीको निर्देशनपछि गुरुङ सुनसरी गएका हुन् । उनले कप्तानगन्जमा भएको घटनास्थलको स्थलगत अनुगमन गर्नेछन् । गृहमन्त्रीको आगमनसँगै मोरङ र सुनसरीको सुरक्षा व्यवस्था कडा पारिएको छ । मन्त्री गुरुङले घटनास्थलको वस्तुस्थिति बुझ्नुका साथै स्थानीय सुरक्षा निकायका प्रमुखहरूसँग छलफल गरी पछिल्लो सुरक्षा अवस्थाबारे जानकारी लिने बताइएको छ । सुनसरी जानुअघि विराटनगर विमानस्थलमा उनले मोरङका सिडिओ र सुरक्षा अधिकारीहरूसँग छलफल गरेका थिए ।

### सदनमा सरकारको खोजी

विपक्षी दलहरूले सुनसरी घटना सरकारको बल प्रयोगपछि उत्पन्न भएको आरोप लगाएका छन् । राजनीतिक रूपमा समाधान खोज्न सकिने भए पनि सरकारले सुरक्षा संयन्त्रमार्फत् बल प्रयोग गरेको भन्दै उनीहरूले निष्पक्ष र स्वतन्त्र छानबिनको माग गरेका हुन् । प्रधानमन्त्री तथा गृहमन्त्रीले घटनाको सन्दर्भमा संसद्मा आएर कुनै जानकारी नदिएको तथा संवेदनशील परिस्थितिमा सरकारले उपस्थिति देखाउन नसकेको भन्दै उनीहरूको खोजीसमेत भएको थियो । प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) र गृहमन्त्री सुधन गुरुङ प्रतिनिधिसभा बैठकमा अनुपस्थित थिए । प्रधानमन्त्री तथा गृहमन्त्रीले बिहीबारको प्रतिनिधिसभा बैठकमा उपस्थित भएर समस्या समाधानका लागि सरकारले गरेको पहल तथा प्रयत्नका बारेमा जानकारी नदिएको भन्दै उनीहरूको चर्को आलोचना भएको छ ।

बैठकमा पूर्वप्रधानमन्त्री तथा नेकपा संसदीय दलका नेता पुष्पकमल दाहाल प्रचण्डले सुनसरी घटनामा सुरक्षा निकायको भूमिका, गोली चलाउनुपर्ने अवस्था र अन्य विकल्प प्रयोग भए/नभएको सम्बन्धमा विस्तृत अध्ययन गरेर बाहिर ल्याउन माग गरे । उनले प्रधानमन्त्रीले अनुभवी र पुराना नेताहरूसँग छलफल र संवाद नगरी अघि बढिरहेको भन्दै प्रधानमन्त्रीसँग संवादहीनता हुनु दुर्भाग्य भएको बताए । 'नेपालको विगत धेरै अनुभवबाट गुज्रिएको छ । ठुल्ठुला अप्ठ्यारा परिस्थितिलाई निकास दिने हैसियत, क्षमता राख्ने नेताहरूको पंक्ति छ,' उनले भने, 'उनीहरूको अनुभव लिन, सहकार्य र संवाद गर्न प्रधानमन्त्रीलाई केले रोकेको हो ? आफ्नै अहंकारले रोकेको हो कि ? म पर्याप्त छु कोही चाहिँदैन भनेर हो कि ! यदि त्यसो हो भने त्यो दुर्भाग्यपूर्ण हुन्छ ।'

कांग्रेस प्रमुख सचेतक बासना थापाले गोली चलाउनुपर्ने अवस्थाबारे जबाफ माग गरिन् । उनले घटनाको जिम्मेवारी सरकारले लिँदै निष्पक्ष र विश्वसनीय छानबिनको माग गरिन् । सरकार मौन भएको भन्दै उनले सोधिन्, 'यो घटनापछि सरकार मौन छ । हिजो आक्रोश पोख्ने प्रधानमन्त्री आज मौन हुनुहुन्छ । हिजो सदनमा आँशु झार्ने गृहमन्त्री पनि मौन हुनुहुन्छ । युवाको मृत्यु हुँदा संवेदनशीलता कहाँ हरायो ?'

एमाले सांसद पद्मा अर्यालले सरकारले सुनसरी घटनामा दमन गरेको भन्दै सरकार असफल भएको टिप्पणी गरिन् । उनले सरकार आफैँले त्रास सिर्जना गरेको आरोप लगाउँदै प्रधानमन्त्री र गृहमन्त्रीको राजीनामा माग गरिन् । 'काठमाडौँमा गोली चल्दा, काठमाडौँमा मान्छे मर्दा तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीले जबाफदेहिता लिनुपर्छ भन्दै थुनामा बस्नुपर्छ, राजीनामा दिनुपर्छ भने आज सुनसरीमा गोली चल्दा र मान्छे मर्दा वर्तमान प्रधानमन्त्री र गृहमन्त्रीले राजीनामा दिनुपर्छ कि पर्दैन ? थुना बस्नुपर्छ कि पर्दैन ?' उनको प्रश्न थियो ।

नेकपा सांसद गोपाल शर्माले पनि प्रधानमन्त्रीले संसद्बाट सम्बोधन गर्नुपर्ने माग गरे । 'घटनाबारे प्रधानमन्त्रीले संसद्मा जानकारी दिनुपर्थ्यो । तर, बिडम्बना हाम्रो प्रधानमन्त्री कहाँ हुनुहुन्छ ? के गर्दै हुनुहुन्छ ? न संसद्लाई जानकारी छ । न कसैलाई जानकारी छ । राज्य कहाँ छ ? सरकार अभिभावक बन्नुपर्छ कि पर्दैन ?' उनले भने । श्रम संस्कृति पार्टीका सांसद आरेन राईले सरकार बेखबर बनेको आरोप लगाए । उनले सरकारले आफ्नो धारणा आधिकारिक रूपमा राख्नुपर्ने र सन्देश जारी गर्नुपर्ने माग गरे । प्रधानमन्त्री र गृहमन्त्री संसद् बैठकमा नआएको भन्दै उनले असन्तुष्टि समेत जनाए । 'सरकारले पहल गर्नुपर्ने बेलामा सरकार आफैँ कालो कोठाभित्र लुकेर, चिहाएर हेरेजस्तो आज मलाई महसुस भएको छ । म सरकारलाई निस्किन आग्रह गर्न चाहन्छु,' उनको भनाइ थियो ।

राप्रपा सांसद खुश्बु ओलीले प्रधानमन्त्रीले अभिभावकत्व लिन नसकेको बताइन् । प्रधानमन्त्रीले सम्बोधन गर्नुपर्ने भन्दै उनले भनिन्, 'सरकार कहाँ छ ? प्रधानमन्त्रीको अभिभावकत्व के यो देशले खोजिरहेको छैन यो समयमा ? के यही हो जिम्मेवारी ? उहाँ कुन खोपीमा बसिरहनुभएको छ ?' उनले घटनाको उच्चस्तरीय आयोगमार्फत् नै छानबिन गर्नुपर्ने माग राखिन् ।

### सत्तारुढ सांसदहरूले पनि खोजे सरकार

सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरू समेत सरकारसँग असन्तुष्ट सुनिएका छन् । उनीहरूले पनि सुनसरी घटनामा गोली हान्ने निर्देशन कसले दियो भनेर सरकारलाई प्रश्न सोधेका हुन् । रास्वपा सांसद अफ्साना बानुले गोली चलाएर समाजमा शान्ति कायम हुन नसक्ने बताइन् । 'बारम्बार गोली हान्ने निर्देशन कसले र कुन प्रशासनबाट दिइरहेका छन् ? गोली चलाएर समाजमा, मुलुकमा शान्ति कायम हुन्छजस्तो लाग्दैन । यसले झनै बढी विकराल अवस्था सिर्जना गर्छ ।'

रास्वपा सांसदहरूले सरकारका अन्य कामकारबाहीप्रति पनि प्रश्न उठाए । सांसद प्रकाश पाठकले जनताको घरदैलोमा सरकार नपुगेको भनेर जनताले प्रश्न गरिरहेका बताए । सीमा मिचिएकोदेखि अस्पताल सुधारको विषयसम्म सरकार अभिभावक बन्न नसकेको भन्दै उनले असन्तुष्टि जनाए । त्यस्तै रास्वपा सांसद उत्तम पौडेलले सरकारी निकायहरूबाट नागरिकलाई चुस्त, दुरुस्त सेवा दिन नसकेको भन्दै सरकारको आलोचना गरे । रास्वपाकै सांसद बुद्धिप्रसाद पन्तले वीरगन्जस्थित नारायणी अस्पतालमा भएको घटनापछि उत्पन्न समस्या सम्हाल्न सरकार असफल भएको बताए । उनले सरकारका निकायबीच समन्वय अभाव र गैरजिम्मेवारीपन भएको भन्दै सरकारलाई विश्वास गर्न नसकिएको बताए ।

## संवैधानिक पदाधिकारीको...

यसले राज्यकोषको करौडौँ रुपैयाँ दोहोरो सुविधाको नाममा खर्च हुँदै आएको छ । त्यस्तै, मूल ऐनमा संशोधन गर्दै तयार पारिएको विधेयकमा सेवा अवधि जोड्ने विषयलाई प्रष्ट पारेको छ । ऐनको दफा १८ को उपदफा १ पछि १(क) थप्दै कुल सेवा अवधि जोड्ने व्यवस्था राखिएको छ । विधेयकमा भनिएको छ, 'संवैधानिक निकायका पदाधिकारीले कुल सेवा अवधि जोड्न चाहेमा त्यस्तो पदाधिकारीले संवैधानिक निकायको पदाधिकारीको पदमा नियुक्ति भएको मितिदेखि पाएको निवृत्तिभरण रकम संघीय सञ्चित कोषमा फिर्ता गरी सोको भरपाई त्यस्तो सेवा अवधि जोड्ने निकायमा पेस गर्नुपर्नेछ ।' दोहोरो सुविधासम्बन्धी विषयमा देखिएको विवाद समाधानका लागि १९ पुस, २०७३ मा सर्वोच्च अदालतले आवश्यक कानुन बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका नाममा निर्देशात्मक आदेश दिएको थियो । तर, लामो समयसम्म सरकारले यसलाई बेवास्ता गर्दै आएको थियो । सर्वोच्चको सोही आदेशलाई आधार बनाउँदै ऐन संशोधन आवश्यक रहेको प्रधानमन्त्री कार्यालयले खुलाएको छ ।

## ४ वर्षदेखि रोकिएको...

उनका अनुसार हुलाकलाई परम्परागत चिठीपत्र आदानप्रदान गर्ने संस्थाबाट डिजिटल तथा बहुउद्देश्यीय सार्वजनिक सेवा केन्द्रका रूपमा विकास गर्ने लक्ष्यका साथ कार्यक्रम अघि बढाइएको हो । स्मार्ट हुलाक सञ्चालनमा आएपछि सरकारी सेवामा नागरिकको पहुँच विस्तार हुनुका साथै ग्रामीण तथा दुर्गम क्षेत्रमा पनि डिजिटल सेवा सहज रूपमा उपलब्ध हुने अपेक्षा विभागको छ ।

विभागका अनुसार सरकार गठन भएको ४ महिनामा २ लाख ३७ हजार ३११ राहदानी हुलाकमार्फत् सम्बन्धित जिल्ला प्रशासन कार्यालयसम्म ढुवानी गरिएको छ । हुम्लाबाहेक ७६ जिल्लामा ७ हजार ८८५ राहदानी सेवाग्राहीको घरमै पुऱ्याइसकिएको छ । त्यसैगरी, ८ लाख ८१ हजार १६६ लाइसेन्स सम्बन्धित यातायात कार्यालयसम्म ढुवानी गरिएको छ । कास्की, मोरङ, बाँके, सुनसरी, बझाङ, कालीकोट र पर्सा गरी ७ जिल्लामा १ हजार ९४ लाइसेन्स सेवाग्राहीको घरमै पुऱ्याइएको विभागले जनाएको छ ।

यस्तै, १७ वटा अस्पतालबाट संकलन गरिएका १ हजार ४१७ स्वास्थ्य परीक्षण नमुना राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासम्म सुरक्षित रूपमा पुऱ्याइएको छ भने त्रिभुवन विश्वविद्यालय र नेपाल खुला विश्वविद्यालयसँगको सहकार्यमा २६३ शैक्षिक प्रमाणपत्र पनि विद्यार्थीको घरमै पुऱ्याइसकिएको छ । सरकारले स्मार्ट हुलाक कार्यक्रमलाई चरणबद्ध रूपमा देशभर विस्तार गर्दै नागरिकले सरकारी सेवा लिन कार्यालय धाइरहनुपर्ने बाध्यता अन्त्य गर्ने लक्ष्य लिएको जनाएको छ ।


**Ever Star Motors Pvt. Ltd.**
New Baneshwor, KTM
Phone No: :01-4793140/ 4791143, E-mail: esmpl@live.com.np

**MRP Publish Notice**

| S.N. | Brand Name | Model | Colour | MRP Rs. |
|---|---|---|---|---|
| 1. | KOVE Motorcycle | 450RR | Red<br>Black | 1,554,900.00 |
| 2. | | 450RALLY | Green | 1,974,900.00 |
| 3. | | 250RR | White | 909,000.00 |
| 4. | | 250R | Silver | 869,000.00 |
| 5. | | MX250R | Green | 1,309,000.00 |

**UAE मा रोजगार** Arun Valley Buildings Maintenance And Cleaning Services L.L.C
पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८२/१०/१९ चलानी नं.: ६०२५१६५१ LT No. 338106

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labour | 77 | साधारण | 1000 | ४१,५८५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैंले | रु. १,५००।- कामदार आफैंले | रु.७००।- कामदार आफैंले | निःशुल्क |

अन्तरवार्ता २०८३ साउन २१ गते (6 Aug., 2026) यस प्रा. लि. को कार्यालय महाराजगंज, काठमाडौंमा हुनेछ ।

SANBI GROUP INTERNATIONAL PVT. LTD. श्रम ईजाजत नं.: १८२२/०८२/०८३
Maharajgunj, Kathmandu Tel.: 9841583288, 9869330732 Email : sanbigroup1@gmail.com

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६३/०४/२९ मा प्रा.लि.नं.४१०३१ दर्ता भएको **तसिना एम ए हाउजङ्गि** प्रा.लि. को मिति २०८३/०४/११ मा सम्पन्न विषेश साधारण सभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सवैको जानाकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः अधिवक्ता संजय कुमार शाह (इजाजत पत्र नं. ३९१)**
बिजुलीबजार, काठमाण्डौ, सम्पर्क : ९८४१४४९३३८

**नाम परिवर्तन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०४/१५**

यस कम्पनी २०८३/०३/२० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविकको **जय मनकामना विजनेश प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पति तथा तिर्न व्यहोर्न पर्ने ऋण, कर, धन दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०३/२५ गतेको पत्र अनुसार कम्पनीको नाम परिवर्तन गरी **एलेक्स क्याफे एण्ड लाउन्ज प्रा.लि. (३१९९७७)** कायम गरिएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना**

**पहिलो पटक सूचना प्रकाशन मितिः २०८३।०४।१५ गते शुक्रबार**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्धीमा राखिएको विभिन्न जातको गोलिया थान ५११ को ६४७८.९१ घ.फि. काठ र साल जातको दाउरा ८.०० चट्टा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**झरसलुवा सा.व.उ.स.**
**ठाकुरबाबा-३, बर्दिया**